का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० फागुन २०७८,
मंगलबार
22 February 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २०, अंक १७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## एमसीसी

# आ–आफ्नै कसरत



| | |
|---|---|
| एमाले | तटस्थ, भीम रावल लगायत विपक्षमा |
| काँग्रेस | अनुमोदन गराउने |
| माओवादी | असफल बनाउने |
| समाजवादी | असफल बनाउने |
| जसपा | साझा धारणा बनाउन सकस |
| लोसपा | काँग्रेसलाई साथ दिने |
| जनमोर्चा | विपक्षमा उभिने, सडक संघर्षमा |
| नेमकिपा | विफल बनाउने |

> विरोध र अवरोधका बीच प्रतिनिधिसभामा पेश भएको एमसीसी पारित गराउने र गराउन नदिने कसरत दलहरूले तीव्र बनाएका छन् । तर प्रमुख राजनीतिक शक्ति नेकपा एमालेले भने यो प्रक्रियामै सामेल नहुने प्रष्ट सन्देश दिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ फागुन ।

अमेरिकी सहयोग परियोजना एमसीसी प्रतिनिधिसभामा पेश भएको भोलिपल्ट (सोमबार) राजनीतिक दौडधुप अघिल्ला दिनहरुमा जस्तो देखिएन । नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल बाहेक अन्य नेताहरुले अन्तर पार्टी भेटवार्ता गरेनन् । पौडेलले भने सत्ता साझेदार दलका प्रमुखहरुसँग भेटवार्ता गरे । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यष माधवकुमार नेपाल र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग पौडेलले अलग-अलग भेटवार्ता गरे ।

प्रचण्ड, नेपाल र यादवसँग पौडेलले मुख्यगरी दुई विषयमा छलफल गरेका थिए । "कसरी सत्तारुढ गठबन्धन जोगाउने र एमसीसीलाई निकास दिने भन्नेमा छलफल केन्द्रीत भयो", पौडेल निकट नेताले भने । उनका अनुसार, तीनै जना नेतासँग पौडेलले सत्ता गठबन्धन जोगाउनेबारे सचेत हुनुपर्ने प्रस्ताव गरेका थिए । गठबन्धन भत्किएमा राष्ट्रिय राजनीतिक कोर्स बिग्रन सक्ने भएकाले सचेत हुनुपर्ने प्रस्ताव गरेका थिए ।

पौडेलले सत्ता गठबन्धन जोगाउँदै एमसीसीबारे निकास दिनुपर्नेमा जोड दिएका थिए । प्रचण्ड, नेपाल र यादवले पौडेललाई सत्तारुढ गठबन्धन कायम रहने विश्वास दिलाएको जनाइएको छ । पौडेलले एमसीसी अनुमोदन गराउनुपर्नेमा पनि जोड दिएका थिए । तर दोस्रो प्रस्तावमा भने

– बाँकी पृष्ठ २ मा

# युट्यूबर आतंक !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ फागुन ।

विवादित परियोजना एमसीसी आम छलफल र सरोकारका प्रमुख एजेण्डा बनेको छ । आम सञ्चार माध्यमहरु चरित्र हत्या मात्रै नभई देशको संवदेनशील विषयलाई समेत हलुका रुपमा प्रस्तुत गरिएकोमा सम्बन्धित क्षेत्रका सरोकारवाला चिन्तित देखिन्छन् ।

आइतबार एमसीसी




पनि एमसीसीकै एजेण्डामा केन्द्रीत छन् । 'एमालेले तत्काल एमसिसीबारे धारणा नबनाउने,' सरकार जेसुकै होस्, एमसिसी पास गर्नमा हाम्रो समर्थन छैन : माधव नेपाल, संसद भवनभित्र माओवादीको आग्रह- संशोधन नगरि एमसिसी अगाडि नबढाऔं, एमसीसी पास हुन्छ, प्रधानमन्त्री देउवा इत्यादी शीर्षकका समाचार बन्ने गरेका छन् ।

> **बिकृति**
> नयाँ मिडियमका रूपमा आएको यूट्युबमा प्रस्तुत हुने अन्तर्वस्तुप्रति आम धारणा नकारात्मक बन्दै गएको छ । तर त्यसलाई नियमन गर्ने निकाय कमजोर देखिएको सरोकारहरुको टिप्पणी छ ।

तर, एमसीसीकै विषयलाई लिएर युट्युब च्यानल हेर्ने हो भने फरक शीर्षक र अन्तर्वस्तु राखिएको हुन्छ । व्यक्तिगत सदनमा टेबुल हुँदै गर्दा पनि कतिपय युटयुबका हेडलाईन थिए, 'भटाभट नेपाल भित्रिँदै अमेरिकी सेना', 'भर्खरै एमसीसी दलाल भन्दै अज्ञात समूहद्वारा देउवाको अपहरण, बालुवाटारमा रुवाबासी, आरजु माथि बम पड्कियो' लगायत छन् ।

एकातिर सभ्य र सुसंस्कृत समाजको परिकल्पना गर्नु अनि अर्कातिर कपोलकल्पित र भ्रमपूर्ण खबरहरु सामाजिक सञ्जालमा फैलनु समाजका लागि कलंक भएको वरिष्ठ पत्रकार हरिहर विरही बताउँछन् । 'समाजमा

– बाँकी पृष्ठ २ मा

## संघका पूर्व अध्यक्ष ढकाललाई संघ संयोजकको जिम्मेवारी

# सबैलाई मिलाएर अघि बढ्छु : ढकाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ फागुन

जिल्ला प्रशासन कार्यालय काठमाडौंले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष बिमलप्रसाद ढकाललाई संघको तदर्थ कार्यसमितिको संयोजक तोकेको छ । पटकपटक समय थप गर्दा पनि साधारणसभा र कार्यसमितिको निर्वाचन गराउन नसकेको भन्दै गत माघ २७ गते प्रशासनले तत्कालीन कार्यवाहक अध्यक्ष कमल तामाङ नेतृत्वको तदर्थ कार्यसमिति विघटन गरेको थियो ।

खगोल ओभरसिज प्रा.लि.का सञ्चालक रहेका ढकाल नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्व अध्यक्ष समेत हुन् ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले संघ कार्यसमितिको तर्फबाट गत फागुन १ गते पूर्व अध्यक्ष ढकाललाई संयोजक तोक्न लेखिएको पत्रसहित नेपाल वैदेशिक रोजगार व्यवसायी लोकतान्त्रिक एसोसिएसन, वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन र समाजवादी वैदेशिक रोजगार व्यवसायी संघको लिखित सहमतिमा पूर्व अध्यक्ष ढकाललाई तदर्थ समितिको संयोजक तोकेको बताएको छ ।

संघको साधारणसभा र कार्यसमितिको निर्वाचन सकेसम्म छिटो गराउन म्याण्डेट दिएको जिल्ला प्रशासन कार्यालय काठमाडौंले तदर्थ समिति बढीमा ९ सदस्यीय गठन गर्न सीमा दिए पनि कार्यसमिति चयनमा पदाधिकारी तथा सदस्य तोक्न संयोजक ढकाललाई नै सर्वाधिकार दिएको छ । प्रशासनले कुनै शर्त तोकेको छैन । यथाशीघ्र साधारणसभा र निर्वाचन गर्ने उल्लेख गरेपनि समयसीमा किटान गरी मिति पनि तोकिएको छैन ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले बुधबारदेखि नै संघको दैनिक कार्य सञ्चालन गर्न ढकाललाई अनुमति दिएको छ । तर संयोजक ढकालले आगामी मंगलबारदेखि मात्रै आफुले आधिकारिकरूपमा संघमा पदवहाली र दैनिक कामकाज शुरू गर्ने मध्यान्ह दैनिकलाई बताए । संघको तदर्थ समिति गठनका लागि भने संघलाई छाता संस्था मान्ने

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## वैदेशिक रोजगार क्षेत्रको सुधारका लागि गृहकार्य शुरु : महानिर्देशक पौडेल

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक शेषनारायण पौडेलले वैदेशिक रोजगार व्यवसायलाई प्रशासनिक झन्झटबाट मुक्त गराउन गृहकार्य शुरू गरिएको बताएका छन् ।

सोमबार एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको स्वागत तथा शुभकामना ग्रहण गर्दै महानिर्देशक पौडेलले उक्त जानकारी दिएका हुन् । वैदेशिक रोजगार व्यवसायीले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिइरहेको अवस्थामा यो व्यवसाय सञ्चालन गर्ने व्यवसायी र सिँगो क्षेत्र नै सम्मानित र व्यवस्थित हुन नसकेको भन्दै महानिर्देशक पौडेलले सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरिरहेको बताए ।

सोमबार नै प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा भाग लिएका महानिर्देशक पौडेलले भने, 'समितिको बैठकमा ठगी लगायत विभिन्न विषयमा गम्भीरताका साथ कुरा उठेका छन्, ठगी, भिजिट भिसा र श्रम स्वीकृतिमा रहेको बेमेलपूर्ण अवस्थाबारे छलफल भएको छ । समस्या समाधानका लागि पहल भइरहेको छ ।'

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा भूमि व्यवस्थापनलाई 'डिजिटल

– बाँकी पृष्ठ २ मा


**VACANCY ANNOUNCEMENT**

**GCD Worldwide Pvt. Ltd**, a Fair & Ethical Recruitment organization, is opening the vacancy notice for interested candidates on the following positions.

1. Accountant/Cashier — 2 (Male/Female)
2. Front desk Recruiters — 4 (Female)
3. Documentation staff — 4 (Male/Female)

**Qualifications and experiences:**
- Age-between 20-28 years
- A very good command of English & communication skills are essential.
- Computer literacy is compulsory. (Proficiency in MS Word, Excel, Outlook, Photoshop etc.)
- Ability to correspond & communicate independently with clients.
- Work experience for accountant with proper knowledge of Tally or accounting package will be an added advantage.
- Manpower experience is preferred
- Eligibility criteria: +2/Bachelor's

**Salary : 15000-25000**

To apply please submit your CV on nepal@jobsglobal.com

**GCD Worldwide Pvt.Ltd**
Sinamangal -09, Gairigaun, Kathmandu, Nepal.
LIC: 519/061/062
Contact: 9801399971, 9801399972, 9801399973, 9801399974, 9801399975, 9801399976




मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० फागुन २०७८, मंगलबार
22 February 2022, Tuesday

# उपत्यकाको फोहर नठ्न सकेन, फैलियो दुर्गन्ध

**काठमाडौं/मस–** स्थानीयवासीको अवरोधका कारण यही फागुन १ गतेदेखि काठमाडौँ उपत्यकाको फोहर उठाउन सकिएको छैन । नौ दिनसम्म फोहर उठ्न नसक्दा सहरका चोक दुर्गन्धित भएको छ । हाल फोहर विसर्जन गरिएको स्थान नुवाकोटको सिसडोलसम्म पुग्ने बाटो मर्मत समयमै नगरेको भन्दै पासाङल्हामु राजमार्गका बासिन्दाले गरेको अवरोधका कारण काठमाडौँ उपत्यकाको १८ स्थानीय तहका फोहर उठाउन नसकिएको हो । नौ दिनदेखि फोहर विसर्जन (हुन नसक्दा उपत्यकाको मुख्य चोकमा फोहर थुप्रिएको छ । महानगरपालिकाले भने सडक विभागलाई सडकको काम तत्काल पूरा गरी स्थानीयवासीको अवरोध हटाइदिन माग गरेको छ ।

अठार स्थानीय तहको फोहर विसर्जनका लागि दीर्घकालिन समाधानका प्रयास हुन नसक्दा पटकपटक समस्या उत्पन्न भएको कामपा वातावरण विभाग प्रमुख सरिता राईको भनाइ छ । उनका अनुसार २०७० सालदेखि सुरु गरिएको बाटो अहिलेसम्म बन्न नसक्दा त्यहाँ पटकपटक स्थानीयवासीले आन्दोलन गरेकाले फोहर विसर्जनमा अवरोध हुँदै आएको छ । 'यस्तो विषयमा केन्द्र सरकार संवेदनशील हुनुपर्छ', उनी भन्छन्, 'त्यसका लागि बाटो छिटो निर्माण गर्न सम्बन्धित निकायले पहल गर्नुपर्छ ।' सडक बनाउने जिम्मेवारी सङ्घीय सरकारको भए पनि उपत्यकाको फोहर पटकपटक रोकिँदा अपजस भने कामपाले पाउने गरेको छ । हाल बञ्चरेडाँडामा दीर्घकालीन फोहर व्यवस्थापनस्थल निर्माण भइरहेको र निर्धारित समयमा काम सम्पन्न नहुँदा समस्या भएको बताइएको छ ।

## एमसीसी...

यी तीनै दलको फरक धारणा छ । प्रचण्डले गएको ४ फागुन बिहान संसदीय दलको बैठक राखेर एमसीसीको विपक्षमा मतदान गर्ने निर्णय गरेका थिए । आइतबार प्रतिनिधिसभामा एमसीसी पेश हुँदा पनि प्रमुख सचेतक देव गुरुङले एमसीसी कार्यसूचीबाट हटाउन आग्रह गरे भने माओवादी सांसदहरुले उभिएर विरोध जनाए । जबकी प्रचण्डले आइतबार बिहान सत्ता गठबन्धनको बैठकमा एमसीसी पेश गर्न दिने सहमति जनाएका थिए ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले त सोमबार सम्मानित नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनाल मनाउन समय खर्चिएका थिए । खनालले पनि सरकारले एमसीसी पेश गरिरहँदा संसदमा विरोध जनाएका थिए । तर प्रचण्डजस्तै नेपालले पनि एमसीसी पेश गर्न सहमति जनाएका थिए । काँग्रेस नेता पौडेलले भने दुवै नेता मनाउने प्रयत्न गरेका थिएका थिए । जबकी प्रचण्ड र माधव नेपाल एमसीसी अनुमोदन हुन नदिने आन्तरिक कसरतमा छन् ।

एमसीसी अब संसदको विषय भएकाले बहुमत पुऱ्याउने वा अल्पमतमा पार्ने भन्ने कसरतमा दलहरु जुटेका छन् । पौडेलको दौडधुप र प्रस्तावले पनि त्यही पुष्टि गर्छ । जसपाले पनि कार्यकारिणी समितिको बैठक बोलाएको छ । जसपाभित्र उपेन्द्र यादव र बाबुराम भट्टराई पक्षबीच एमसीसीबारे साझा धारणा बन्न सकेको छैन । यादव विपक्षमा र भट्टराई पक्षमा छन् । दुवै नेता आफ्नो पक्षमा धेरै सांसद जुटाउने प्रयत्नमा छन् ।

एमसीसी अनुमोदन गर्ने निर्णय गरेको काँग्रेसमा पनि सांसद संख्या बढाउने प्रयत्न देखिन्छ । तर संसदको ठूलो दल एमाले भने एमसीसीबारे कुनै निर्णय नलिने अडानमा उभिएको छ ।

## युट्यूबर...

देखिएका यस्ता उच्छृंखल गतिविधिलाई सरकारले सामान्य रुपमा लिने गरेको छ, तर यसको नियन्त्रण हुनु जरुरी छ,' पत्रकार विरही भन्छन् । व्यक्तिगत चरित्र हत्या हुँदा त मुद्दा लाग्छ भने यो देशको संवेदनशील विषयबारे जथाभावी लेख्नेलाई कारबाहीको दायरामा ल्याउनैपर्ने उनको जोड छ ।

नेपालको विद्युतीय कारोबार ऐन- २०६३ '१' ले 'कम्प्युटर, इन्टरनेट लगायत विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्री वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्ध सामग्री प्रकाशन वा प्रदर्शन गर्ने लगायत कामलाई विद्युतीय कसुर' भनी परिभाषित समेत गरेको छ । तर पनि व्यक्तिको चरित्र हत्या गर्नेदेखि देशका गम्भीर मुद्दामा जथाभावी सूचना सम्प्रेषण गर्ने कुनै कारवाही हुन सकेको छैन ।

हुनत, अन्य देशमा पनि जथाभावी सनसनीपूर्ण सूचना प्रवाह गर्ने परिपाटी बढदों छ । तर, नेपालको सन्र्दभमा भने हद नै पार भएको एक पीडित युवा बताउँछन् । 'यो देशबाट युट्युबेलाई लखेट्ने बेला आएको छ, यिनीहरुकै कारण मेरो घरबार बिग्रियो,' आक्रोशपूर्ण स्वरमा उनले भने । उनी जस्तै धेरैले मानहानी भएको भन्दै साईबार क्राईमको मुद्दा लगाएर कारबाही समेत गराएका छन् । केही समयअघि यस्तै भ्रामक समाचार फैल्याएको भनेर म्यानपावर व्यवसायीले एक युट्युबरमाथि कुटपिट गरेका थिए ।

निर्मला पन्त बलात्कार प्रकरण, मुना कार्की मृत्यु प्रकरण, कालापानी भूमि, हत्याका बारे युट्युबरले भ्रम फैलाउने मात्रै होइन, मुद्दा गिजोलेर अनुसन्धानमै व्यवधान खडा गरेको प्रहरी अधिकारीहरु बताउँछन् । जथाभाबी लेख्नेलाई नियमन गर्न कानुन नै अपर्याप्त भएका कारण भ्रामक सूचनालाई निरुत्साहित गर्न नसकिएको उनीहरुको भनाई छ ।

नेपाल पत्रकार महासंघ, प्रेश काउन्सिल र अन्य सरोकारवाला संस्थाले नियमनका विषयमा केही कुरा उठाएपनि नियन्त्रणको प्रयासमा भने सरकार चुकेको छ । हरेक मन्त्री आउँदा युट्युब वा सामाजिक सञ्जालको नियन्त्रणका लागि केही गर्ने प्रतिबद्धता गर्दछन् । तरपनि नियमन, नियन्त्रणमा भने सबै मन्त्रीहरु चुकिरहेकै छन् । भ्युज बढाउने नाममा जथाभावी सूचना सम्प्रेषण हुँदा एकातिर समाजमा भ्रम फैलिएको छ भने अर्कातिर सञ्चार जगत्प्रतिको विश्वास घटिरहेको छ । यस विषयमा सरोकारवाला निकाय गम्भीर नहुने हो भने ठूलो सञ्चारको क्षेत्रमा ठूलो समस्या निम्तने निश्चित छ ।

## संघका...

व्यवसायीका संस्थाका प्रतिनिधिसँग छलफल शुरू गरेको उनले बताए । संयोजक ढकालले भने, 'संघ तथा अन्य चार संस्थाका तर्फबाट लिखित सहमति नै आएको र नेपाल वैदेशिक रोजगार प्रगतिशील मञ्च नेपालले पनि संयोजक भई संघलाई अगाडि बढाउन पूर्ण समर्थन गर्दै आग्रह गरेको कारणले संयोजक बनेको हुँ । सबैसँग छलफल गरेर सबैलाई विश्वासमा लिएर नै अघि बढ्ने हो ।'

मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले पनि ढकाललाई संयोजक बनाउने विषयमा मञ्चको समर्थन रहेको बताए । संघको संयोजकले राजनीतिक दम्भ नराखी संघलाई व्यावसायिक नेतृत्व प्रदान गरे कार्यसमितिमा सहकार्य गर्न सकिने भन्दै भण्डारीले संघमा संयोजक तोक्ने प्रशासनको निर्णयले मञ्चले लामो समयदेखि उठाएको संघ नेतृत्व सम्बन्धी एजेन्डा स्थापित गरेको बताए ।

उनले भने, 'तत्कालीन अध्यक्षको निधन भएको २१ दिनभित्र निर्वाचन नगराएकोले अघिल्लो कार्यसमिति अवैधानिक भन्ने मञ्चको मान्यता थियो, त्यो स्थापित भयो । संयोजक ढकालले संघलाई विधिसम्मत अघि बढाएमा हाम्रो सहकार्य हुने छ ।'

मञ्चका महासचिव डिक बहादुर खत्री 'कुमार'ले मञ्चको मंगलबार बस्ने कार्यसमितिको बैठकले औपचारिक निर्णय गर्ने भए पनि संघलाई सक्रिय बनाउन जिल्ला प्रशासन कार्यालय काठमाडौंको निर्णयलाई सकारात्मक रूपमा लिएको टिप्पणी गरे । उनले भने, 'संघ नेतृत्वमा भएको अति राजनीतिकरणको अन्त्य गरेर जानुपर्ने अवस्था छ । नयाँ नेतृत्वले सहमतिमा जाने विषयलाई मुल एजेन्डा बनाउनु पर्छ ।'

एसोसिएसनले आफ्ना पूर्व अध्यक्ष ढकाललाई वैदेशिक रोजगार व्यवसाय चुनौतीपूर्ण रहेको अवस्थामा संघको संयोजक जस्तो गरिमामय जिम्मेवारी प्राप्त हुनु सुखद भन्दै खुशी व्यक्त गरेको छ ।

संघमा यसअघि २१ सदस्यीय कार्यसमितिमा एसोसिएसनले अध्यक्ष, दुई पदाधिकारी र पाँच सदस्य, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रथम उपाध्यक्षसहित तीन सदस्य, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले द्वितीय उपाध्यक्ष र दुई सदस्य, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले महासचिव र तीन सदस्य तथा समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्ष र एक सदस्यमा प्रतिनिधित्व गर्ने सहमति भएको थियो । सोही अनुपातमा तदर्थ समिति बन्ने आंकलन व्यवसायीहरूको छ ।

## वैदेशिक...

प्रविधिमा' लगेर काम गर्दा मालपोत कार्यालयप्रति रहेको वर्षौंदेखिको जनगुनासो कम गराएको अनुभव सुनाउँदै नवनियुक्त महानिर्देशक पौडेलले वैदेशिक रोजगार प्रशासनलाई सुधार गरेर यस व्यवसायमा रहेका व्यवसायीहरूको मर्यादालाई सम्मानित गराउन सकिनेमा आफू विश्वस्त रहेको बताए ।

यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ लगायतका संस्थाहरूको शुभकामना तथा बधाई ग्रहणमा जस्तै महानिर्देशक पौडेलले आफुलाई वैदेशिक रोजगार क्षेत्रको नयाँ र सिकारु नठान्न आग्रह गरे । उनले भने, 'गत माघ २ गतेदेखि वैदेशिक रोजगार कार्यालय ताहाचलबाट पुनः श्रम स्वीकृति अनलाइनबाट प्रदान गर्न शुरू गरिएको छ, त्यसमा मैले ठूलै मेहनत गरेको थिएँ । ऐन, नियमावलीदेखि कार्यविधिसम्म सुधारका धेरै पक्ष छन्, यी विषयलाई त्यतिकै छोड्नु हुँदैन ।

त्यस अवसरमा संगठनले छुट्टाछुट्टै इजाजतपत्र लिनुपर्ने अवस्था अन्त्य गर्नुपर्ने, एक वर्षका लागि ५० लाख धरौटी फिर्ता, संख्या सयको समस्या समाधान, जापान रोजगारीको समस्याको समाधान, घरेलु कामदारको समस्या, मागपत्र प्रमाणीकरण, सेवाशुल्क परिमार्जन, फेमिसका समस्याको समाधान, पूर्व तथा अन्तिम श्रम स्वीकृतिमा रहेका समस्याको समाधान, न्यूनतम पारिश्रमिकमा एकता र श्रम सम्झौता कार्यान्वयन गरी श्रमिकको हकहितको संरक्षण लगायतका ११ सुत्रीय ज्ञापनपत्र पनि बुझाएको थियो । संगठनका अध्यक्ष सन्त कुमार लामाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलामा संगठनका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको सहभागिता रहेको थियो ।


# बहराईनमा रोजगारको अवसर

कम्पनी : ALIA FLOWERS WLL
शहर: BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/११/०९ | चलानी नं.: ६०१७४८५३ | LT. No.:258340

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | BD | ने. रू. | | | | | | | |
| 1. | Helper | 5 | 0 | स. काममा दक्ष | 100 | ३१,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, । फोनः ४९५१७३२, ४९६५८२६, फ्याक्सः ४३६४५७३
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np
श्रम इजाजत नं. ८६४/०६६/०६७


# Chaubise Rural Municipality
## Office of The Rural Municipal Executive
**Rajarani, Dhankuta**

### Invitation for Sealed Quotation

**Issued Date: 2078/11/10 (2022/02/22)**

1. The Chaubise Rural Municipality, Dhankuta invites sealed quotations from registered Suppliers for the procurement from eligible national bidders for following works.

| SN | Contract Identification Number | Description of Works | Estimated Amount (Without VAT) | Bid Security Amount (NRS.) | Bid Document Fee (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CRM/DKT/SQ/ 12/078/79 | Providing Seeds of Cauliflower, Cabbage, White Radish etc. to the farmer of Rajarani, Basantatar, Mudebas & 6 No Budabare Road Corridor at 50% subsidy | 13,78,295.00 | 40000.00 | 1000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaubise Rural Municipality, Dhankuta, Phone No: 026-411032, 026-411033.
3. A complete set of Bidding Documents may be purchased from the office of Chaubise Rural Municipality, Dhankuta, Phone No: 026-411032, 026-411033 by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance Certificate of FY 2077/2078, and upon payment of a non-refundable fee as stated above or by deposition of same amount at
   **Name of Bank : Nepal Bangladesh Bank Ltd. Rajarani, Dhankuta**
   **Name of Office : Chaubise Rural Municipality, Rajarani, Dhankuta**
   **Office Account No (Antarik Rajaswa Khata ). : 0700001541 till 2078/11/24 (2022/03/08) during office hours.**
4. Sealed bids must be submitted to the office of Chaubise Rural Municipality, Dhankuta by hand before 12.00 P.M. on 2078/11/25 (2022/03/09). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 P.M. on 2078/11/25 (2022/03/09) the Office of Rural Municipal Executive, Chaubise Rural Municipality, Dhankuta. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount as stated above, which shall be valid for 30 days beyond the validity period of the bid, counted from the bid opening date. If bidder wishes to submit the Cash should be deposited in the name of Chaubise Rural Municipality, Rajarani, Dhankuta in Dharauti Account No: 0700000841 at Nepal Bangladesh Bank, Rajarani, Dhankuta and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064 following all new revision.
8. The Chaubise Rural Municipality, Dhankuta reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# Bhairabi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhairikalikathum, Dailekh**
**Karnali Province, Nepal**

### Invitation for Sealed Quotation

**BRM/SEALEDQUOTATION/WORKS/2078/79-08**
**Date of Publication : 22-02-2022**

1. The Bhairabi Rural Municipality, Dailekh invites sealed quotations from registered contractors for the construction of Construction of 2 no Ward Office to Chintemaya Road
2. The Estimated amount for the works is(in NRs.): 1,271,293.58 (Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Bhairabi Rural Municipality, Dailekh at Kalika Bazar Dailekh or by reaching out to them at Telephone 9858078401 or by dropping a mail at bhairabirm@gmail.com [or may visit PPMO **website www.bolpatra.gov.np.**]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs.
   **Or**
   Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:
   **Name of the Bank : Civil Bank Ltd.**
   **Name of the Office : Bhairabi Rural Municipality, Dailekh**
   **Office Account no : 06610182906098**
5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/ egp on or before 24-03-2022 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 24-03-2022 14:00 hours at the office of Bhairabi Rural Municipality, Dailekh, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.45000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**[Note : As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required]**

**Chief Administrative Officer**

# Bhairabi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhairikalikathum, Dailekh**
**Karnali Province Nepal**

### Invitation for Sealed Quotation


**Sealed Quotation No:BRM/SEALEDQUOTATION/WORKS/2078/79-07**
**Date of Publication : 22-02-2022**

1. The Bhairabi Rural Municipality, Dailekh invites sealed quotations from registered contractors for the construction of Construction of Silangi Samakhali Kaulekharka Chhapmela Dhadchakha Gauni Road.
2. The Estimated amount for the works is(in NRs.): 1,018,306.20 (Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Bhairabi Rural Municipality, Dailekh at Kalika Bazar Dailekh or by reaching out to them at Telephone 9858078401 or by dropping a mail at bhairabirm@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs.
   OR
   Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:
   **Name of the Bank : Civil Bank Ltd.**
   **Name of the Office : Bhairabi Rural Municipality, Dailekh**
   **Office Account no : 06610182906098**
5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/ egp on or before 24- 03-2022 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 24-03-2022 14:00 hours at the office of Bhairabi Rural Municipality, Dailekh, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.36000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. [Note : As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required]

**Chief Administrative Officer**

# एमसिसीबारे अब वास्तविक छलफल सदनमा हुन्छ : पौडेल

**काठमाडौं/मस**–नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) को विषय सडकबाट सदनमा प्रवेश गरेकाले यो विषयमा अब राष्ट्रको ध्यान संसद् तर्फ केन्द्रित भएको बताएका छन् ।



सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेतासँग एमसिसीका सम्बन्धमा छलफल गरी समान धारणा बनाउन क्रियाशील रहेका उनले एमसिसीबारे अब वास्तविकरुपमा सदनमा छलफल हुने प्रतिक्रिया दिए ।

पूर्वसभामुखसमेतरहेका पौडेलले भने, 'एमसिसीबारे बाहिर सडकमा अफवाह र हल्ला मात्र फैलिएको छ, यो विषय संसद्मा प्रवेश पाएको छ, त्यसैले राष्ट्रको ध्यान संसद्तर्फ केन्द्रित भएको छ ।' जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग सोमबार भएको छलफलपछि सञ्चारकर्मीसँग उनले जटिलरुपमा आइरहेको एमसिसी र देशको परिस्थितिबारे विभिन्न कोणबाट छलफल गरेको बताए ।

वरिष्ठ नेता पौडेलले भने, एमसिसीका विषयमा कुरा गर्दा हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र विकासको अवस्था के हुन्छ भन्ने पाटोबाट गहनसँग राम्रै कुरा गरेका छौं । सैद्धान्तिकरुपमा हाम्रो बीचमा मतभेद केही देखिएन तर केही प्राविधिक विषय पनि छन् ।'

देशसँग जोडिएको महत्वपूर्ण विषय एमसिसीबारे संसद्मा प्रतिनिधित्वमा रहेका राजनीतिक दलका सबै नेतासँग आफूले कुराकानी अघि बढाएको बताउदै उनले भने, 'हाम्रो पुस्ता असफल पुस्तामा परिणत भई मुलुक सङ्कटतर्फ जाने हो कि भन्ने चिन्ता भएर नेतालाई भेटेको हुँ । देश सङ्कटतर्फ नजाओस् भन्नेमै मेरो चिन्ता छ ।' अमेरिकाले नेपालको गरिबी अन्त्य गर्न तथा यहाँ उत्पादित विद्युत् बाह्य मुलुकमा निर्यातका लागि प्रसारण लाइन बनाइदिने प्रयोजनका लागि उपलब्ध गराउन लागेको सहयोगले मुलुकको आम्दानी बढ्ने, गरिबी हटाउन मद्दत पुग्ने एवं जनताले सुविधा प्राप्त गर्ने उनले विश्वास व्यक्त गरे ।

# बागमती प्रदेशमा ९६ प्रतिशतले लगाए कोरोना सङ्क्रमणविरुद्ध खोप

काठमाडौं/मस- बागमती प्रदेशमा कोरोना सङ्क्रमणविरुद्धको खोप दिइने अभियानअन्तर्गत हालसम्म प्रदेशभरिमा ९६ प्रतिशत नागरिकले पहिलो मात्राको खोप लगाइसकेका छन् ।

प्रदेशका १२ देखि १७ वर्षका ४८ प्रतिशत बालबालिकाले कोरोना सङ्क्रमणविरुद्धको खोप लगाइसकेको र योक्रम जारी रहेको मन्त्रालयबाट जानकारी पाइएइको छ ।

हेटौँडाबाट खोप अभियान सुरु भएको पहिलो मात्राको खोप प्रदेशभरिमा ४८ प्रतिशत बालबालिकालाई दिइएको छ । खोप अभियान तीव्ररुपमा सञ्चालन गरिएको र समुदायमा नै पुगेर खोप अभियान सञ्चालन गरिएकाले



खोप लगाउनेको सङ्ख्यामा वृद्धि भएको प्रदेशका स्वास्थ्यमन्त्री निमा लामाले बताए ।

विश्वव्यापीरुपमा फैलिएको कोरोना महामारी रोगले मानवीय क्षतिमात्र नभई अर्थतन्त्रमासमेत क्षति पुऱ्याएको बताउँदै मन्त्री लामाले प्रदेश सरकार स्वास्थ्य क्षेत्रमा सुधार गर्न लागिपरेको बताए । मन्त्री लामाले मकवानपुरको दुर्गम तथा पिछडिएका क्षेत्रमा समेत आफैँ पुगेर कोरोना सङ्क्रमणविरुद्धको खोप अभियानअन्तर्गत शिविर सञ्चालन गरेका थिए । यसैबीच जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार मकवानपुरमा ९० प्रतिशत नागरिकले कोरोना सङ्क्रमणविरुद्धको खोप लगाएको छ ।

साथै कोरोनाविरुद्धको खोप लगाउने र स्वाब सङ्कलन कार्य जिल्लामा जारी रहेको बताइएको छ । जिल्लामा कोरोना सङ्क्रमण हुनेको सङ्ख्या हालसम्म १७ हजार ९११ जना रहेको र हालसम्म जिल्लामा कोरोना सङ्क्रमणबाट मृत्य हुनेको सङ्ख्या १७१ जना रहेको सो कार्यालयले जनाएको छ । जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या दिनप्रति घट्दै गएको छ ।

## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पथरी, मोरङ्ग**
**१ नं. प्रदेश, नेपाल**

**(Invitation for Online Bids) बोलपत्र आव्हानको सूचना**

**प्रथम प्रकाशित मिति २०७८/११/१०**

चालु आ.व. २०७८/०७९ मा यस नगरपालिकाको नगरसभावाट पारित बार्षिक कार्यक्रम अनुसार निम्न बमोजिमको योजनाहरु यस सूचनामा उल्लेखित अंक बमोजिम बोलपत्र ठेक्का प्रक्रियाद्धारा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायी /कम्पनीहरुबाट **http//www.bolpatra.gov.np/egp** मा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र बोलपत्र फारम अनलाईन मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| वोलपत्र/ठेक्का नं | कामको विवरण | अनुमान लागत (भ्याट र कन्टिन्जेन्सी बाहेक) | वोलपत्र फारम दसतुर | जमानत रकम | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| EGP/NCB/2078/079/18 | दोहलु शुक्रबारे सडक कालोपत्रे | ६०,५७,६१७४८ | ३,००० | १,८१,००० | २०७८/१२/१० गते दिनको १२ बजे सम्म |
| EGP/NCB/2078/079/19 | रजत जयन्ति सडक कालोपत्रे | ६,०२,२२,७९।३३ | ३,००० | १,८०,००० | २०७८/१२/१० गते दिनको १२ बजे सम्म |
| EGP/NCB/2078/079/17 | रत्न कुमार वान्तावा सडक कालोपत्रे | १,४९,०८,४६१।७७ | ३,००० | ४,४०,००० | २०७८/१२/१० गते दिनको १२ बजे सम्म |
| EGP/NCB/2078/079/16 | हस्पिटल मार्ग कालोपत्रे | .................... | ५,००० | ५,८३,००० | २०७८/१२/१० गते दिनको १२ बजे सम्म |

१ बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुने छ । निर्माण सम्बन्धि थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिने छ ।
२.बोलपत्र गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।
माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ अनुसार **http//www.bolpatra.gov.np/egp** बाट डाउनलोड गरी बीड गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Belauri Municipality
## Office Of The Municipal Executive

**Shreepur, Kanchanpur**
**SudurpaschimProvience, Nepal**

**Invitation for Bids**

**Contract Identification No: BELMUN/NCB/W/078/079-08**

**Date of publication: 22th Feb 2022 (2078/11/10)**

1. Belauri Municipality invites electronic bids for Nepalese eligible bidders for the construction of below mentioned projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information about the Bidding Documents at the office of Belauri Municipality, Shreepur Kanchanpur belaurimunicipality@gmail.com, 099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract no./ID | Description of Works | Estimated amount (without VAT & PS) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| BELMUN/ NCB/W/078/079-08 | Construction of Shree Shanti Ma.Bi School Building (Second Floor), Belauri-04, kanchanpur | 22,30,770.48/- | **66,000/-** | **Rs. 3,000/-** |

**Chief Administrative Officer**


## CYPRUS र SAUDI मा रोजगार

१. कम्पनी: Alexis Theodoulou
शहर : Larnaca

पूर्व स्वीकृत मिति: २०७८/११/०९ चलानी नं.: ६०१७४८३२ LT. No. 258399

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 5 | 15 | स. काममा दक्ष | 314 | ४२,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Esad For Human Resources Solution & Management शहर : Dammam

पूर्व स्वीकृत मिति: २०७८/११/०९ चलानी नं.: ६०१७४८४९ LT. No. 258205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Gov. Lic No. 1426/074/075
Sitapaila, Kathmandu, Nepal Tel: +977- 1- 4038186, 4038483
Mobile: 9801152243, 9851149287
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

## कतारमा रोजगारको अवसर

१. कम्पनी: PARK LIMITED SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/११/०९ चलानी नं.: ६०१७४८५१ LT. No.: 258358

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 40 | 0 | स. काममा दक्ष | 1400 | ४५,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: Jakuar Delivery शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/११/०९ चलानी नं.: ६०१७४८५२ LT. No.: 258357

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 80 | 0 | स. काममा दक्ष | 1400 | ४५,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## कुवेतमा रोजगार

कम्पनी: SABEL UNITED CONSTRUCTION OF ROADS, SEWAGES & BRIDGES
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/११/०९ चलानी नं.: ६०१७४८४८ L.T. No.:258422

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Outdoor Labor | 100 | 0 | स. काममा दक्ष | 95 | ३७,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Samridhha Human Resources Pvt. Ltd.**
Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० फागुन २०७८, मंगलबार
22 February 2022, Tuesday

सम्पादकीय

# गैरजिम्मेवार प्रतिपक्ष

प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरू फेरि गाउँ फर्किएका छन् । सभामुख अग्निप्रसाद सापकोटाले १२ फागुनसम्म प्रतिनिधिसभा बैठक स्थगित गरेपछि राजधानी उपत्यका नजिकका जिल्लाका सांसदहरू गाउँ फर्किएका हुन् । एमाले सांसदहरू निर्वाचन क्षेत्र फर्कनुको अर्थ तत्काल उक्त दलले कुनै निर्णय गर्ने छैन । गएको ४ फागुनमा तोकिएको प्रतिनिधिसभा बैठकमा एमालेले आफ्नो सांसदहरूलाई अनिवार्य उपस्थितिका निम्ति ह्वीप नै जारी गरेको छ । रातसाँझ गरेर राजधानी आइपुगेका सांसदहरूलाई खाली कागजमा हस्ताक्षर गराइएको थियो । त्यो हस्ताक्षर प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई सत्तारूढ दलका सांसदहरूले लगाएको महाअभियोगको काउन्टर महाअभियोग प्रयोजनका निम्ति थियो । तर एमालेले काउण्टर महाअभियोग समेत लगाएन । उपस्थिति पुस्तिका सहित ६ ठाउँमा हस्ताक्षर गरिएको कागज एमालेले अहिलेसम्म कुनै प्रयोजनका निम्ति उपयोग गरेको छैन ।

प्रधानन्यायाधीश जबराविरूद्ध महाअभियोग दर्ता भएको केही दिनभित्रै सरकारले संसदमा विवादित परियोजना एमसीसी पेश गरेको छ । तर एमालेले भने एमसीसी पेश हुनुलाई महत्व दिएको छैन । यदि महत्व दिएको हुन्थ्यो भने अहिले पक्ष वा विपक्षमा प्रष्ट आफूलाई उभ्याउने थियो । तर यसको बिपरीत एमालेले कुनै निर्णय नलिने संकेत दिएको छ । भीम रावलले एमसीसीको विपक्षमा संसदमा बोलेको आपत्ति जनाएको एमालेले आफ्ना सांसदहरूलाई केही दिन कुनै निर्णय नहुने संकेत दिएको छ । जबकी एमसीसी मुलुकको प्रमुख एजेण्डा बनेको छ । एमसीसीकै कारण राष्ट्रिय राजनीति प्रभावित छ । सत्ता गठबन्धनभित्र खटपट छ ।

तर एमसीसी जस्तो विवादित परियोजनाबारे हुने छलफलको संसदीय प्रक्रियामै भाग नलिने भएको छ । सत्ता पक्षकै दलहरूमा एमसीसीबारे विभाजित मत छ । नेपाली काँग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी एमसीसीको पक्षमा उभिने भएको छ भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले विपक्षमा मतदान गर्ने निर्णय गरेको छ । जनता समाजवादी पार्टीभित्र उपेन्द्र यादव र बाबुराम भट्टराई पक्षबीच साझा धारणा बन्न सकेको छैन । तर संसदकै ठूलो दल एमाले भने यो प्रक्रियाप्रति नै सहभागी नहुने संकेत दिएको छ । संसदमा प्रस्तुत प्रस्तावमाथि निर्णय लिने अधिकार सांसदहरूको हो । तर नेपाल जस्तो संसदीय अभ्यासमा दलको निर्णय महत्वपूर्ण छ । अतः एमालेले राष्ट्रिय महत्वको एजेण्डाहरूमा बोल्दिनँ भन्नु गैरजिम्मेवार बन्नु हो ।

# प्रशासनतन्त्रमा सुशासन

**देशको शासकीय प्रणाली, विकास र समृद्धि, निर्णय क्षमता र नतिजाहरूको परिणाम अध्ययन एवम् सुशासनका कथा–व्यथा र भ्रष्टाचारका अनगन्ती घटनावलीहरूको विश्लेषण गर्दा लोक सेवा आयोगका उम्मेदवार छनौट परीक्षा तथा सिफारिस मापदण्ड मात्र पर्याप्त नभएको देखिन्छ ।**

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल



मुलुकको प्रशासनतन्त्र निकै विकृत छ । विकृतिको जालोले जेलिएको प्रशासनतन्त्रले जनअपेक्षित भूमिका निर्वाह गर्न सकेको छैन । तर, यो महत्वपूर्ण विषयमा प्रशासनविद् तथा विज्ञहरुको ध्यानाकर्षण नै हुन सकेको देखिन्न । लोक सेवा आयोग आफैँ पूर्ण सार्वजनिक सेवा, निजामती सेवाको विकास तथा जवाफदेहिताबारे धेरै स्पष्ट भएको देखिँदैन । संघीयता पछि कर्मचारीका हकमा पनि स्पष्ट कानुन र मर्यादाको व्यवस्थापन हुन नसकेको तथा सार्वजनिक उत्तरदायित्व तथा प्रयोगमा अन्योलता हटाउने गरी मुलुकको प्रशासनिक तथा राजनीतिक घटनाक्रम अगाडि बढिरहेको छैन ।

लोक सेवा एक सठियौँ वार्षिक प्रतिवेदन २०७७ लेख्छ, 'संवैधानिक हक, अधिकार र मर्यादाको सीमामा राखिएको लोक सेवा आयोगको जन्म तथा स्थापना नै मुलुकको सार्वजनिक सेवाको मेरुदण्ड मानिने निजामती सेवाको व्यवस्थापनका लागि भएको हो । निजामतीका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने काम, कर्तव्य र अधिकार सुनिश्चित गर्न आयोगको स्थापना भएको हो ।'

राजनीतिक स्वार्थबाट सार्वजनिक प्रशासन ध्वस्त हुँदै गएको परिणामस्वरूप पछिल्लो संविधान निर्माणको अभ्यासमा आयोगको भूमिका बढाइएको हो । यसरी निजामती सेवाका पदबाहेकका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा (शिक्षक सेवा तथा विश्वविद्यालय सेवा बाहेकका) पदपूर्तिका लागि लिइने लिखित परीक्षाहरूमा समेत लोक सेवा आयोगको संलग्नता हुने संवैधानिक व्यवस्था छ ।

शिक्षक सेवा र विश्वविद्यालय सेवा आयोगले समेत लोक सेवा आयोगको स्तरीय मापदण्डको पालना गर्न, गराउन उपयुक्त गराइएको पाइन्छ । यसरी समग्रमा नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्शविना स्थायी नियुक्ति गरिने छैन स्पष्ट भनिएको पाइन्छ । राज्यका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगहरू (राष्ट्रिय मानव अधिकार आयोग बाहेक) सबैतिर निजामती सेवाका केही सेवा समूहको बलियो पकड र नियन्त्रण भएको देखिन्छ ।

## आधार बलियो हुनुपर्छ

देशको शासकीय प्रणाली, विकास र समृद्धि, निर्णय क्षमता र नतिजाहरूको परिणाम अध्ययन एवम् सुशासनका कथा व्यथा र भ्रष्टाचारका अनगन्ती घटनावलीहरूको विश्लेषण गर्दा लोक सेवा आयोगका उम्मेदवार छनौट परीक्षा तथा सिफारिस मापदण्ड मात्र पर्याप्त नभएको देखिन्छ । सार्वजनिक सेवाको उत्कृष्ट उदाहरण भएर मुलुकको सुशासनको निर्विकल्प मेरुदण्ड हुनुपर्ने निजामती सेवाको गुणस्तर, पेसागत आचरण र नैतिकतामाथि प्रश्न नै प्रश्न छ भन्ने स्वीकार्नु र आमूल रूपान्तरणका लागि वैज्ञानिक मापदण्डको खोजी हुनु आवश्यक देखिन्छ ।

संघीय निजामती सेवा मुलुकको सार्वजनिक सेवाको निर्विवादित बलियो आधार हुनुपर्छ । सार्वजनिक सेवाका सर्तसम्बन्धी कानुन, संघीय निजामती सेवाको निष्पक्ष वा पारदर्शी परिचालन र जवाफदेहिताबाट हुनु आवश्यक हुन्छ । यी पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा राज्यका कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगहरूले अपनाउनुपर्ने सर्वमान्य सिद्धान्तहरूको व्यवस्थापन गर्ने, गराउने संवैधानिक दायित्व लोक सेवा आयोगलाई प्राप्त छ या छैन भने स्पष्ट व्यवस्था गरिनुपर्छ ।

राज्यका सबै अंग कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगहरू सञ्चालनको प्रमुख अभिभारासहित जनशक्ति छनौटको कार्य गर्दै आएको लोक सेवा आयोगप्रति प्रायः सबै राज्यका सार्वजनिक सेवा आयोगहरूको ध्यानाकर्षण हुने गर्छ । सबै सेवा आयोगहरूले मुलुकको संवैधानिक लोक सेवा आयोगलाई नै मुख्य आधार मेरुदण्ड मान्दै आएका पाइन्छन् ।

संघीयता कार्यान्वयनमा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था छ । प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने भनिए पनि प्रदेश कानुन बनाउने प्रयोजनका लागि संघीय संसदले केन्द्रीय लोक सेवा आयोगको कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने भनिएको छ । नेपाल जस्तो सानो देशमा केन्द्रीयसहित सात प्रदेश गरी आठ लोक सेवा आयोग र तिनका दुई चार दर्जन मातहतका कार्यालयहरू आवश्यक हुने हुन वा होइनन् ? यिनीहरूले लोक सेवा आयोगको गुणस्तर तथा सेवाको मान, शाख र मर्यादालाई कायम गरिराख्छन् वा बदनाम तुल्याउँछन् ? भविष्यवाणी गर्न चाहिँ कठिन छ ।

कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगका शक्ति, सत्ता र साधनस्रोतको प्रभावबाट विचलित नहुने स्वतन्त्र संवैधानिक निकायको रूपमा लोक सेवा आयोगलाई स्थापित गर्न मुलुकको संविधानले खोजेको छ । तर व्यवहारमा सरकारी क्षेत्र तथा तिनका नेतृत्वबाट प्रायः परामर्श लिँदै नलिने वा लिए पनि औपचारिकता निर्वाह मात्र गर्ने र दिइएको परामर्शलाई गम्भीर रूपमा नलिने प्रवृत्ति देखिएको भनी लोक सेवा आयोगका वार्षिक प्रतिवेदनहरूमा लेखिँदै आएको पाइन्छ । आग्रहको मधुर स्वरमा भविष्यमा नेपाल सरकारलगायत सबै सम्बन्धित निकायहरूबाट यस प्रवृत्तिको पुनरावृत्ति नहोस् भनी लोक सेवा आयोगले भविष्यमा निजामती सेवाको सुधारको विवरणमा ६१ औँ प्रतिवेदनमा स्पष्ट उल्लेख गर्ने गरेको छ र आगामी प्रतिवेदनहरूमा पनि यी विषयहरू दोहोरिन छुट्ने छैनन्, किनकि सुधार तथा आमूल परिवर्तनका संकेत कतै देखिदैँनन् ।

> निजामती सेवा मुलुकको सार्वजनिक सेवाको निर्विवादित बलियो आधार हुनुपर्छ । सार्वजनिक सेवाका सर्तसम्बन्धी कानुन, संघीय निजामती सेवाको निष्पक्ष वा पारदर्शी परिचालन र जवाफदेहिताबाट हुनु आवश्यक हुन्छ । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगहरूले अपनाउनुपर्ने सर्वमान्य सिद्धान्तहरूको व्यवस्थापन गर्ने, गराउने संवैधानिक दायित्व लोक सेवा आयोगलाई प्राप्त छ या छैन भने स्पष्ट व्यवस्था गरिनुपर्छ ।

## सार्वजनिक सेवामाथि उठेका प्रश्न

सार्वजनिक सेवा सञ्चालनमा देशभित्र नै विविध आधार, मापदण्ड र कार्यशैलीहरू अवलम्बन हुन गएका छन् । यस किसिमका व्यवहारले कैयन सार्वजनिक सेवामा कायम हुनुपर्ने गुणस्तरीयता तथा एकरूपतामा ठूलो असर पर्ने सम्भावना रहन्छ । नेपालको प्रशासकीय कार्यविधि बढी नै नियन्त्रणमुखी र नतिजाभन्दा प्रक्रिया उन्मुख भएकोले कर्मचारीहरूले यसको नकारात्मक व्याख्या गरी सेवा प्रवाहलाई आफू अनुकूल गर्न सफल हुँदै आएका छन् ।

नेपालको सार्वजनिक प्रशासनमा संसदीय नियन्त्रणलाई छल्न वा झुक्याउन सक्ने खालका छिद्रहरू पनि प्रशस्त छन् । उदाहरणका लागि 'विकास समिति ऐन, २०१३' एक हो । यस अनुसार, अहिलेसम्म विभिन्न संरचनाहरू निर्माण भएका तथा कार्यान्वयनमा छन् । तर खारेज गर्न र नयाँ विधायन तर्जुमा गर्न संसदीय समितिहरूले लोकतान्त्रिक भूमिका खेल्न सकेका छैनन् । जुन कुनै पनि शासकीय तथा राजनीतिक दृष्टिले राम्रो मानिँदैन, मात्र होइन, कुशासनको मतियार भएको भन्न सकिन्छ ।

यसर्थ, कुनै संस्था गठन आवश्यक भएमा नयाँ विधायनबाट गरिने गरी नयाँ कानुन बन्नुपर्छ र 'विकास समिति ऐन, २०१३' खारेज गर्नुपर्छ, आयोगको निचोड जायज देखिन्छ । कमी र व्याख्या रोक्न तथा सेवा प्रवाह प्रभावकारी बनाउन सबै सरकारी निकायहरूले न्यूनतमरूपमा पालना गर्नुपर्ने प्रक्रियाहरू सम्बन्धी 'प्रशासकीय कार्यविधि ऐन' जारी गरी यसको प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रालय/विभागहरूले आ-आफ्ना प्रक्रिया सम्बन्धी कार्यविधि/नियमावली बनाउने अधिकार विकेन्द्रित गरिनुपर्छ ।

यसरी सम्बन्धित निकायहरूले प्रक्रियासम्बन्धी नियमावली/कार्यविधि तर्जुमा गर्दा परिस्थिति अनुकूल सेवा प्रभावकारी बनाउन आवश्यक हुने व्यवस्था 'छाता कार्यविधि ऐन' भित्र रही गर्न सक्ने, करारका शर्तमा प्रक्रिया निर्धारण गर्न सक्ने गरी लागू गर्ने अधिकारहरू नीति कार्यन्वयन वा सेवा प्रवाह गर्ने निकायहरूलाई दिइनु उपयुक्त हुन्छ । यसबाट प्रक्रिया/कार्यविधिका जटिलता देखाएर जिम्मेवारीबाट पन्छिने प्रवृत्तिको अन्त्य गर्न सकिन्छ ।

सरकारी संस्थामा परम्परागत संगठनात्मक सोपान र नियन्त्रणमा काम गर्ने संस्था भन्दा, विभागीय संगठनभन्दा बढी स्वायत्त संस्थाहरू निर्माण गर्नुपर्दा अर्धगैरसरकारी संस्था वा गैरविभागीय स्वायत्त संस्थाहरू गठन गर्न कानुन निर्माण गर्न सकिन्छ । यसमा कस्ता संस्था पूर्ण गैरविभागीय र स्वायत्त संस्था हुने तथा कस्ता संस्थाहरू विभाग मातहतका अर्धस्वायत्त हुने यकिन गर्नु आवश्यक देखिन्छ । यस्ता प्रकृतिका जुनसुकै संस्थाहरूको गठन नयाँ विधायनद्वारा गरेमा मात्र राज्यको स्रोत साधनमा संसदीय नियन्त्रण तथा कार्यकारिणीलाई नियममा बाँध्न र कानुनी सुशासन स्थापित गर्न सकिन्छ । अन्यथा कार्यकारिणीको मनोमानीका सामु संसद् लाचार हुनेछ, जुन सार्वभौम नेपाली जनताका लागि चिन्ताको विषय हो, लेखकको निष्कर्ष पनि आयोगको जस्तै रहेको छ ।

## निर्णय प्रक्रिया छिटो र सरलीकृत हुनुपर्छ

तीन तहका सरकारका कार्य स्वायत्ततामा प्रतिकूल असर नपारीकन कार्यसम्पादनमा सहजीकरण हुने व्यवस्था जरुरी हुन्छ । प्रशासकीय कार्यविधि विकेन्द्रित रूपमा सबै मन्त्रालय/विभागहरूले आआफ्ना आवश्यकतानुसार संगठन ढाँचामा तर्जुमा गर्दा विभिन्न पदले सञ्चालन गर्ने कार्यहरू स्पष्ट तोकिदिन सकिन्छ । यसरी तोक्न नसकिने महत्वपूर्ण विषयहरू (ठेक्कापट्टा, मुद्दा मामिला, नीति कार्यक्रमसम्बन्धी विषयहरू) पनि तीन तहमा टुंगिने स्पष्ट व्यवस्था अनिवार्य लागू गरेमा दैनिक रूपमा प्रवाह हुने सेवाहरूमा 'तहविहीन सेवा वितरण' प्रणाली लागू हुन जान्छ ।

प्रशासनका अन्य विषयहरूमा पनि अनावश्यक तह घट्न गई निर्णय शीघ्र हुने वातावरण निर्माण हुन सक्छ । परम्परागत ढाँचाको सार्वजनिक सेवाहरूलाई प्रभावकारी बनाउन विश्वमा प्रविधि, प्रक्रिया र प्रणालीमा आमूल परिवर्तन हुने गरेको छ । यसरी नवीन नवीन प्रवर्तनहरूबाट सेवामा गुणात्मकता र प्रभावकारिता अभिवृद्धि भइरहेका पनि छन् । यसैले कैयौं देशका निजामती सेवासम्बन्धी कानुनमा वर्षमा निश्चित अवधिको पेसागत तथा विषयगत पुनर्ताजगी तालिम दिनैपर्ने प्रावधान कानुनमा राखिएको हुन्छ ।

आयोगले यही कारण नेपालमा पनि वर्षमा कम्तीमा एक हप्ताको पुनर्ताजगी (रिफ्रेसर) तालिम दिनैपर्ने व्यवस्था गर्न सुझाव दिइएकामा यसतर्फ कुनै प्रयासको थालनी भएको पाइएन । यी सबै परिप्रेक्ष्यमा संघीय निजामती सेवा ऐनमा समेट्नका लागि लोक सेवा आयोगका अन्ठाउन्नौं, उनन्साठीऔं र साठीऔं, एकसठ्ठियौं वार्षिक प्रतिवेदनमा नेपाल सरकारलाई दिइएका सुझावहरू गम्भीरतापूर्वक लिई नेपाल सरकारबाट भविष्यमा कानुन तर्जुमा हुने अपेक्षा आयोगको छ ।

सार्वजनिक सेवालाई लाल-फिताशाहीबाट सुरक्षा गर्न तथा प्रत्येक पद र तहका कर्मचारीहरूको कार्यविवरण अनुसारको जवाफदेहिता सिर्जना गर्न निजामती सेवा ऐनमा वैज्ञानिकता आवश्यक हुन्छ । यो ऐन जारी भएपछि सबै सेवा, समूहहरूका लागि छुट्टाछुट्टै नियमावली जारी गर्नु उपयुक्त हुने तथा सबै सेवा, समूहलाई समान व्यवस्था हुनुपर्नेमा एकरूपता कायम गर्ने र फरक-फरक व्यवस्था गर्नुपर्ने विषयमा फरक नियमहरू व्यवस्था लागू गर्ने सिद्धान्त आयोगको सिफारिसमा छ । प्रशासनतन्त्रमा सुशासन गराउने विषयमा आमूल रूपान्तरणको खाँचो छ । लोक सेवा आयोगले सुझाएका बाटोमा हिँडेमा पनि मुलुकमा केही होला भन्ने लाग्छ ।

*(लेखक पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय उपसचिव हुन् ।)*

## सामाजिक सञ्जाल




- पुरुषोत्तम ढुंगेल

जब मानिसमा लाज, शरम र घिन भन्ने जिनिस हराउछ अनि उ नेपालको पुराना पार्टीको नेतामा गनिन्छ । रहर लाग्दो बानेश्वर कुरूप बनाइयो । व्यापारीहरूको बिजोक भयो नै फुटपाथमा व्यापार गर्नेको छोराछोरी भोकै भो । भडुवा नेताहरूले एकले अर्का दाजुभाईलाई रगताम्मे बनाउने खेल खेलाई दियो ।



- चन्द्र श्रेष्ठ

दलाल, माफिया, भ्रष्ट, निरंकुश एवं तानाशाहमाथि बज्रन पर्ने बुट–लात्ती, लाठी, ढुङ्गा, ईँट्टाका टुक्राहरू हामी आपसमा नै बज्रन पुग्छ यो कस्तो विडम्बना ! एकातिर राष्ट्रियताको सवाल अर्कोतिर नुनको सोझो तर, हैकमवादी सोचले ग्रस्त मानसिकता भने सुरक्षित यो बिचित्रको पर्खाललाई नै सबै भार !



- सिरोमणि ढुंगाना

एमसीसी नेपाल कम्प्याक्ट संसदबाट पारित भएन भने नैतिक रूपमा प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ । त्यो सरकारमा भएका दललाई सरकारले नै प्रस्तुत गरेको कार्यक्रममा विश्वास नभएको अवस्था हो । एक हिसाबले विश्वासको मत गुमेको अवस्था । यसमा कांग्रेसका नेताहरू स्पष्ट होलान् ?



- बद्री न्यौपाने

आफुलाई हेर आज बिरोध भोलि राष्ट्रघाती समझौतामा भोट ! एमसीसी राष्ट्रघाती छ, नेपालले पास गर्न हुँदैन । एकजना अमेरिकी प्रोफेसरले बोलेको युट्युबमा छ र नेपाली विद्धानले पनि भनेका छन् अब दोधारे चरित्र देखाए नेपाल डुब्यो याद रहोस् ।



- संगाल लामा योन्जन

देश जेसुकै होस् तर, गठबन्धन चाहिँ टुट्न भएन दाहाल ज्यू । तपाईँहरू त जुनसुकै देशमा गए पनि अटाई हाल्नु हुन्छ । आखिर चेपुवामा पर्ने हामी निम्न वर्गीय जनता त हुन् । जय होस् तपाईंहरू जस्तो नेताहरूलाई ।

# एमसीसी र महाशक्तिबीचको शीतयुद्ध

**चीनले मे २०१७ मा बिआरआई गरेर नेपालमा साम्यवादलाई फैलाउन चालेको कदम रोक्नका लागि अमेरिकाले पनि सेप्टेम्बर २०१७ मा नेपालको हिमाली क्षेत्र केन्द्रीत गरेर एमसीसीको कार्यक्रम ल्याएको हो । बिआरआईलाई विस्थापित गर्न एमसीसी आएको भन्नेमा कुनै दुविधा छैन ।**

टिप्पणी



● कौशल गोपालवंशी

नेपालमा अहिले एमसीसीलाई लिएर प्रमुख राजनीतिक शक्तिहरुमा नै विभाजित छन् । कतिपयले नेपालमा अमेरिकी सेना ल्याउनका लागि यो सम्झौता गरिएको तर्क प्रस्तुत गर्छन् त कतिपयले यसलाई विकास परियोजना मात्रै भएको बताउँछन् । अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई इण्डोपेसिफिकसँग तुलना गरेकोले कतिपयले यसमा शंका गर्ने गरेको देखिन्छ । नेपाल योभन्दा अगाडि पनि अमेरिका र चीनबीचको शीतयुद्धमा आफ्नो धेरै नागरिकको ज्यान गुमाइसकेको छ । हो मैले कुरा गर्न खोज्दै छु, माओवादी र सरकारबीचको सशस्त्र जनयुद्धको, यो युद्ध नेपालको लागि लडिएको थिएन, यो युद्ध त्यति बेला पनि अमेरिका र चीनबीचको 'प्रोक्सी' लडाइँ थियो ।

तत्कालीन राजा विरेन्द्र शाहले अमेरिकालाई आफ्नो गतिविधि संचालन गर्न अनुमति दिएका थिए, त्यसलाई रोक्नका लागि चीनले माओवादीको जन्म गरायो । आखिर अन्त्यमा माओवादी मिसनमा चीन सफल भएको थियो । यसरी साम्यवादलाई नेपालमा पटक-पटक स्थापित गर्न खोजे पनि अहिलेसम्म चीन साम्यवादमा सफल हुन सकेको छैन । यो एमसीसी र नेपालसँग भएको सम्झौता पनि सन् १९१७ बाट शुरु भएको साम्यवाद र पुँजीवादबीचको शीत युद्ध नै हो ।

दोस्रो विश्वयुद्धपछि सोभियत संघ र संयुक्त राज्य अमेरिकाका बीचमा पूँजीवाद र साम्यवादलाई लिएर आन्तरिक द्वन्द्वको शुरुवात भएको थियो । यहीबाट शीत युद्धको शुरुवात भएको देखिन्छ । अमेरिकाले जापान, कोरिया, जर्मनी देशहरुमा पुँजीवादको समर्थकको सरकार बनाउन थाल्यो तर, दुई- दुई पटक जर्मनीबाट आक्रमण पाएका रसियाले भने अब जर्मनीलाई 'बफर जोन' बनाउन खोजेको थियो । बढ्दो साम्यवादलाई रोक्नका लागि अमेरिकाले दुई वटा नीतिलाई आगाडि सारेको देखिन्छ । कन्टेन्टमेन्ट पोलिसीले साम्यवादलाई फैलिनेबाट रोक्ने र रिकन्ट्रक्सन पोलिसीले विभिन्न देशहरुमा भौतिक संरचना बनाउनका लागि सहयोग गर्ने जसले गर्दा अमेरिकाले साम्यवाद विचार धारालाई फैलिनबाट रोक्ने र पुँजीवादलाई फौलाउन सकियोस् । यसरी साम्यवाद विचारधारालाई रोक्नका लागि नयाँ नीति 'डोमिनो थ्यौरी' जसले बाँकीको राष्ट्रमा साम्यवादलाई रोक्नका लागि अहिले फैलिरहेको देशमै साम्यवाद रोक्नु पर्ने सिद्धान्त दिइयो । यसले उत्तरी एसियामा फैलिरहेको साम्यवादलाई रोक्नका लागि भियतनाममा नै सीमित राख्नको लागि भेतनाममा पुँजीवादको सरकार बनाउन प्रजातान्त्रिक देशहरु लाग्यो । दक्षिण एसियामा साम्यवादलाई रोक्नका लागि चीनसित नजिकरहेको नेपालमा नै फैलिनबाट रोक्नका लागि नेपालमा पुँजीवाद पार्टीलाई समर्थन गर्ने गरेको देखिन्छ ।

नेपाल चीनको नजिक मुलुक भएपनि अहिलेसम्म साम्यवादले पूर्णरुपमा नेपाललाई कब्जा गर्न सकेको छैन । पहिलो संविधान सभाको चुनावमा ठूलो पार्टी बनेका साम्यवादी माओवादी पार्टीले पनि खासै केही गर्न सकेन र अन्त्यमा हार व्यहोर्नु परेको थियो । नयाँ संविधानको जारीसँगै नेपालमा साम्यवाद विचारधाराको पकड बलियो हुँदै गरेको देखियो, यही सिलसिलामा नेपालमाथि लगाइएको नकाबन्दीले साम्यवादलाई धेरै जनसमर्थन मिल्यो । अब एकचोटि फेरि साम्यवादी पार्टीहरु एकजुट भएर नेपालमा चीनको साम्यवाद फैलाउने योजनाको साथ एकीकरण गरेर चुनाव लड्दा दुई तिहाई नै मत पायो । यसपाली भने यिनीहरुले पहिलाभन्दा राम्रो प्रस्तुति गरेको देखिन्छ । यो बीचमा चीनको राजनीतिक हेरफेर धेरै हदसम्म नेपालमा फैलिएको, चुच्चे नक्सा पनि यहिको एउटा परिणाम हो । यही मौका छोपेर चीनले नेपालमा साम्यवादलाई अझै बढाउनका लागि विभिन्न आर्थिक सहयोग तथा भौतिक संरचनामा लगानी गर्ने चीनको नीतिप्रति अमेरिकाको ध्यान गएको देखिन्छ ।

चीनले मे २०१७ मा बिआरआई गरेर नेपालमा साम्यवादलाई फैलाउन चालिएको कदमप्रति अमेरिकाको गम्भिर ध्यानाकर्षण भएको देखिन्छ । यसरी साम्यवादलाई रोक्नका लागि अमेरिकाले पनि सेप्टेम्बर २०१७ मा नेपालसँग हिमाली क्षेत्र जहाँ साम्यवादको अधिक समर्थक रहेको क्षेत्रमा विकासका लागि एमसीसीबाट नेपालको विकासमा सहयोग गर्ने भनेर सम्झौता गरेको देखिन्छ । यसरी नेपालले चीनसँग गरेको सम्झौता कार्यान्वयनमा आइसकेको छ भने अमेरिकासँग गरेको सम्झौता भने अझैसम्म सांसदबाट पारित हुन सकेको छैन । यी घटनाले नेपालको अन्तर्राष्ट्रिय स्तरमा रहेको छविसमेतमा नकारात्मक असर पार्ने देखिन्छ जसको कारणले पछि गएर नेपाललाई अन्य राष्ट्रबाट प्राप्त हुने आर्थिक सहयोगमा पनि असर पार्ने देखिन्छ । जसको परिणामस्वरुप नेपालपछि गएर चीनमाथि नै निर्भर हुने आवस्था पनि आउनसक्ने सम्भावना धेरै रहेको देखिन्छ ।

# बालविकास केन्द्रलाई शैक्षिक सामग्री वितरण



**पवन जयसवाल**
नेपालगञ्ज, ९ फागुन

बाँकेको डुडुवा गाउँपालिका अर्न्तगत सञ्चालित ७२ वटा बाल विकास केन्द्रलाई शैक्षिक सामग्री वितरण गरिएको छ । डुडुवा गाउँपालिकाको वडा नं. १ देखि ६ वटै वडामा रहेका ७२ वटा बालविकास केन्द्रलाई कुसन र कारपेट लगायतका सामग्री हस्तान्तरण गरिएको हो ।

डुडुवा गाउँपालिका वडा नं.-२ स्थित लाली गुराँस प्रारम्भिक बाल विकास केन्द्रमा एक कार्यक्रमका बीच डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र कुमार चौधरीले उक्त सामग्री हस्तान्तरण गर्दै अहिले चिसोको मौसममा साना बालबालिकाहरुलाई बस्नका लागी न्यानो हुने बताए ।

उनले गाउँपालिकाले साना नानी बाबुहरुको पढ्ने बानी विकासका लागि बालविकास केन्द्रको पढाई प्रभावकारी रहेको भन्दै पछिल्लो अवस्थामा सबै बालविकास केन्द्रको सञ्चालन नियमित र प्रभावकारी बनाइएको बताए ।

डुडुवा गाउँपालिका अध्यक्ष नरेन्द्र चौधरीले विगतमा नाम मात्रका रहेका बालविकास केन्द्रहरुलाई शिक्षाको कार्यविधि र योजना अनुसार प्रभावकारी व्यवस्थापन गरी नियमितरुपमा सञ्चालनमा ल्याइएको बताए । यो सामग्रीले बसेर पढ्न तथा खेल्नका लागि बालबालिकाहरुलाई सहयोग गरेको डुडुवा गाउँपालिका शिक्षा शाखाले जनाएको छ ।

# ईन्जिनियर यादवले गरे राहत वितरण

**सौरभ यादव/मध्यान्ह**
राजविराज, ९ फागुन

एकीकृत प्रगतिशील ईन्जिनियर समूहले सोमबार एक दलित परिवारलाई राहत वितरण गरेको छ ।

सप्तरीको राजविराज नगरपालिका वडा नं १२ सिंगियौन टोलका स्व. हरदेव सदाको परिवारलाई राहत वितरण गरेको हो । करिब एक साताअघि उक्त टोलमा समान्य विषयलाई लिएर दलित-दलितबीच झै-झगडा हुँदा स्थानीय हरिदेव सदाको मृत्यु भएको थियो । मृतक सदाको ६ जना छोरा छोरी रहेको र उनको परिवारको आर्थिक स्थिति एकदमै कमजोर रहेकोले जसपा सप्तरीका जिल्ला नेता



लक्ष्मण यादवको पहलमा सो राहत वितरण गरेका हुन् । नेपाल ईन्जिनियरिङ समाजका केन्द्रीय सह अध्यक्ष एवं एकीकृत प्रगतिशील ईन्जिनियर समूहबाट एनइए चुनावमा केन्द्रबाट केन्द्रीय सदस्य पदको उम्मेद्वार ई. संजिव नारायण यादवको नेतृवमा सो परिवारलाई चामल, दाल तथा तरकारीलगायतका सामग्रीसहित २ हजार ५ रुपैयाँ नगद हस्तान्तरण गरिएको हो ।

# भिआइपिएएको निर्देशकमा गिरी नियुक्त

**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय प्रोफेशनल आर्ट एसोशिएसन (भिआइपिएए)को प्रचार प्रसार निर्देशक पदमा नेपालका रामहरि गिरी नियुक्त भएका छन् ।

अमेरिकास्थित केन्द्रीय संघका अध्यक्षसमेत रहेका विश्वचर्चित कलाकार माइकल लार्मले एक कार्यक्रममार्फत् नेपाली युवा गिरीलाई प्रचार निर्देशकको रुपमा नियुक्त गरेको घोषणा गरेका हुन् ।

गिरी नेपालमा सञ्चालित



च्यालेन्ज फर चेन्ज नामक सामाजिक संस्थाका अध्यक्षसमेत हुन् ।

# कोहलपुरमा ट्रक पल्टिंदा च्यापिएर महिला प्रहरीको मृत्यु



**गणेश रावत/मध्यान्ह**
कोहलपुर, बाँके, ९ फागुन

कोहलपुर चौराहामा ट्रक दुर्घटना हुँदा ड्यूटीमा रहेकी एक महिला प्रहरीको मृत्यु भएको छ । आइतबार राति करिव पौने दश बजेको समयमा सम्सेरगञ्जबाट अम्बे स्टिल नेपालगन्जतर्फ जाँदै गरेको ना ३ ख ६४३६ नम्बरको ट्रक सडकको दक्षिणतर्फको किनारमा ठक्कर खाई अनियन्त्रित भै दुर्घटना भएको थियो ।

ट्रक दुर्घटना हुदा च्यापिएर महिला प्रहरी जवानको मृत्यु भएको छ । कोहलपुर ११ स्थित डिभाइडरमा ट्रक ठोक्किएर पल्टना जाँदा पश्चिम सडक छेउमा ड्यूटीमा रहेकी महिला प्रहरी जवानको च्यापिएर घटनास्थलमै मृत्यु भएको थियो ।

मृत्यु हुनेमा इलाका प्रहरी कार्यालय कोहलपुरमा कार्यरत प्रहरी जवान ३६ वर्षिया कविता बुढा क्षेत्री रहेकी छिन् । उनको घर बर्दिया जिल्लाको ठाकुर बाबा नगरपालिका वडा नं ७ मा रहेको इप्रका कोहलपुरका प्रहरी नीरिक्षक कमल बिष्टले मध्यान्हलाई जानकारी दिए ।

प्रहरीका अनुसार, ट्रक ओभार स्पिड र मादक पदार्थ सेवन गरी ट्रक चलाएको हुनाले दुर्घटना भएको हो । ट्रक चालक बबइ गाउँपालिका ६ दाङका लोकराज केसीलाई प्रहरीले नियन्त्रणमा लिइसकेको छ । उक्त घटना सम्बन्धमा थप अनुसन्धन भइरहेको प्रहरीले जनाएको छ ।


## अधिकतम खुद्रा त्रिकी मूल्य (MRP) प्रकाशनको सूचना

यस ट्रेस इन्टरनेशनलले चाइनाबाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| सि.न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पादित मुलुक/राष्ट्र | इकाई | अधिकतम बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक कार्गो रिक्सा | इलेक्ट्रिक | ट्रेस | DB | १००० kg 1 Driver | चाइना | पिस | १,७५,०००/- | |

अधिकृत विक्रेताः ट्रेस इन्टरनेशनल
विरगञ्ज-१३, श्रीपुर, पर्सा, सम्पर्क : ९८१९२१०६४२
एक्जीम कोड नं. ६०३८३०४३१०१२० NP
फोन नं. ९८५५०२५०५१



## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROYAL FOR EMPLOYMENT SERVICES शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/१०/२६ चलानी नं.: ६०१७४२३१ LT. No.: 257745

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Block Mason | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labor | 140 | 0 | | 1000 | ३२,४४० | | | | | | | |
| 3. | Carpenter | 50 | 0 | | 1200 | ३८,९२८ | | | | | | | |
| 4. | Gypsum Carpenters | 25 | 0 | | 1200 | ३८,९२८ | | | | | | | |
| 5. | Painter | 35 | 0 | | 1200 | ३८,९२८ | | | | | | | |
| 6. | Scaffolder | 50 | 0 | | 1200 | ३८,९२८ | | | | | | | |
| 7. | Steel Fixture | 50 | 0 | | 1200 | ३८,९२८ | | | | | | | |
| 8. | Tile Mason | 15 | 0 | | 1200 | ३८,९२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन १७ र १८ गते (1 & 2 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

भैरव ईन्टरनेशनल सर्भिस प्रा. लि.
Govt.Lic. No. 307/059/060
पी.ओ. बक्स नं. ८९७३, सिनामंगल-९, काठमाडौं, फोन नं. ०१-४११०९५१, ९७४४२४१७८७, ९८२३२५३९७०
E-mail: service.bhairabintl@gmail.com, Web: www.bhairabinternational.com



## MALAYSIA मा रोजगार | कम्पनीः INFINIC PLASTIC TECHNOLOGY SDN. BHD.

पूर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५३३ LT. No.: 235115 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 15 | 0 | स. काममा दक्ष | 1200 | ३४,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः TECHCENTIAL SDN.BHD.
पूर्व स्वीकृत मितिः २०७६/१०/१६ चलानी नं.: ६०१५०८४८ LT. No.: 232013 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 98 | 0 | स. काममा दक्ष | 1200 | ३४,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन १८ गते (2 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

Staff Wanted | Manager -1, Supervisor-1 Salary = 30,000 above (negotiable)
Male priority Own Transportation needed



## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाई पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नै ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130



## साउदीमा रोजगार | कम्पनीः SAMHAN NASSER AL-DOSSARY OFFICE FOR CARGO TRANSPORT शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/११/०९ चलानी नं.: ६०१७४८३० LT. No.: 258147

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 3 | 0 | स. काममा दक्ष | 2500 | ७९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Al Sasha Overseas Pvt. Ltd. Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4592240, 4592241



## कुवेतमा रोजगारको अवसर | कम्पनीः A. VIVI SALON FOR LADIES शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/११/०८ चलानी नं.: ६०१७४८४२ LT. No.: 258335

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure Pedicure | 0 | 1 | स. काममा दक्ष | 150 | ५९,०९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Al Shahid Overseas Pvt. Ltd.
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



## कतारमा रोजगारको अवसर

BALADNA
कम्पनीः BALADNA FOOD INDUSTRIES

पूर्व स्वीकृत मितिः २०७८/११/०९ चलानी नं.: ६०१७४८२४ L.T. No.: २५८३५२ शहरः कतार

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 100 | 0 | स. काममा दक्ष | 1100 | ३५,७८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नूहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नूहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ADVANCED Management Consultants Pvt. Ltd.
Gov. Lic. No.:1470/074/075
01-4964211 9801080183 Samakhushi-26, Kathmandu
www.amgroup.com.np info@amgroup.com.np



## यूएईमा रोजगार | कम्पनीः ALSAQR ALARABEY CLEANING SERVICES शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७८/११/०९ चलानी नं.: ६०१७४८२१ LT. No.: 258328

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 0 | 5 | स. काममा दक्ष | 1200 | ३८,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Amity Human Resource (P.) Ltd.
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9841205934
Fax: +977-1-4361742, Email: amity@mail.com.np | Website: www.amityhr.com



## बहराइनमा रोजगार | कम्पनी : GUARDUS SECURITY CO. शहरः Bahrain

पूर्व स्वीकृत मितिः २०७८/१०/१२ चलानी नं.: ६०१७३४३९ L.T. No.: 256862 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 130 | 0 | स. काममा दक्ष | 120 | ३७,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Easy Overseas
Gov Lic No.: 1261/074/75
EASY OVERSEAS PVT.LTD.
Basundhara, Kathmandu, Tel: 014016539
Mob. No.: 9803343584, 9849991143, 9808098517, 9846980239



## साउदीमा रोजगारको अवसर | कम्पनी : AL-MUTFEONUN FOUNDATION FOR MEALS शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०८/१९ चलानी नं.: ६०१६९६३८ LT. No.: 252687 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३१,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १७ गते (1 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210

# महासंघका माग कार्यान्वयन गर्ने शिक्षा मन्त्रालय तयार

**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक महासंघका ५१ बुँदे मागलाई कार्यान्वयन गर्ने भएको छ। सोमबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल र शिक्षक महासंघका प्रतिनिधिबीच माग कार्यान्वयन गर्ने सहमति पत्रमा हस्ताक्षर भएको छ ।

सहमति पत्रमा हस्ताक्षर गर्दै मन्त्री पौडेलले लामो समयदेखि आन्दोलनरत शिक्षकहरुको मागहरु कार्यान्वयन गर्ने सहमति भएको बताए। 'शिक्षकहरु पहिल्यैदेखि आन्दोलनरत हुनुहुन्थ्यो,' मन्त्री पौडेलले भने, 'म पदमा बहाली भएपछि पनि उहाँका मागका विषयमा गम्भीर छलफल गरी कार्यान्वयन गर्ने विषयमा सहमति भयो ।'

सार्वजनिक शिक्षा सुधार्न मन्त्रालय र महासंघले संकल्प गर्नुपर्ने बताउँदै उनले आफ्नो अधिकारसँगै दायित्व पनि भुल्न नहुनेमा जोड दिए । 'आज ऐतिहासिक दिन हो, मन्त्री पौडेलले भने, 'महासंघले उठाएका धेरै विषय सम्बोधन भइसकेका छन् ५१ बुँदे प्रतिवेदनबाट बाँकी रहेका कामहरु



कानुन सम्मत ढंगले लागू गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

